# सानिमा माई हाइड्रोपावर लिमिटेड

## विक्रम सम्वत् २०८० साल कार्तिक महिना २३ गते विहीबार
## सेलिब्रेसन हाईट, सुकेधारा, काठमाण्डौमा सम्पन्न भएको
## बाह्रौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

१. **पृष्ठभूमि :**

सानिमा माई हाइड्रोपावर लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा मिति २०८० साल कार्तिक महिनाको २३ गते तद्नुसार ९ नोभेम्वर, २०२३ मा सेलिब्रेसन हाईट, सुकेधारा, काठमाण्डौमा सम्पन्न भएको थियो । कम्पनी सचिवले कम्पनीका सञ्चालकहरू, उपस्थित शेयरधनीमहानुभावहरू तथा आमन्त्रित वर्ग र कम्पनीका पदाधिकारिहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई बाह्रौं वार्षिक साधारण सभामा स्वागत गर्नु भयो । साधारण सभाको अध्यक्षता कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूले गर्नु भए पश्चात् सभा सञ्चालन भएको थियो । साधारण सभामा सभा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापनको तर्फबाट यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला माई नगरपालिका स्थित माई (२२ मे.वा.) तथा माई क्यास्केड (७ मे.वा.) जलविद्युत आयोजना सम्बन्धी वस्तुस्थितिका साथै कम्पनीले शेयर पूँजीमा लगानी गरेको विभिन्न कम्पनीका जलविद्युत आयोजनाहरूको निर्माण प्रगतिको जानकारीका लागि पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गरियो । यस पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरू उपर छलफल गरी प्रस्तावहरू पारित गरिएको थियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषय सूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १:१५ बजे सभा समापन भएको थियो ।

(क) **सभाको सूचना तथा प्रकाशन :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८० साल आश्विन १५ गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस बाह्रौं वार्षिक साधारण सभाको जानकारीका लागि २०८० साल आश्विन १७ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक तथा आश्विन २३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा दोस्रो पटक र आयोजना स्थल इलाम जिल्लाबाट प्रकाशित हुने इलाम पोष्ट दैनिक पत्रिकामा कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गर्नुका साथै सभा सम्बन्धी सूचना इमेल तथा एसएमएस मार्फत जानकारी गराउनुका साथै यस कम्पनीको वेवसाईट www.maihydro.com मा पनि राखिएको थियो ।

(ख) **उपस्थिति :**

(अ) **सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री टेकराज निरौला | सञ्चालक/अध्यक्ष |
| श्री खेमराज लामिछाने | सञ्चालक-सदस्य |
| श्री तुक प्रसाद पौडेल | सञ्चालक-सदस्य |
| श्री भरत कुमार पोखरेल | सञ्चालक-सदस्य |

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

| | |
|---|---|
| श्री राजन प्रसाद अमात्य | सञ्चालक-सदस्य |
| श्री सिमरन कुमारी भिमसरीया | सञ्चालक-सदस्य |
| श्री महेश घिमिरे | सञ्चालक-सदस्य |

**(आ) पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री गृष्म ओभ्रा | महाप्रबन्धक |
| श्री जयन्तकुमार रेग्मी | प्रबन्धक/कम्पनी सचिव |
| सुश्री निशा कुम्पाख | उ. प्रबन्धक (वित्त) |
| श्री क्रान्त श्रेष्ठ | स. प्रबन्धक (वित्त) |

**(इ) विभिन्न निकायका पदाधिकारी/ प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री धनश्याम न्यौपाने | प्रतिनिधि कम्पनी रजिष्ट्रारको कार्यालय |
| श्री निकिता अग्रवाल | प्रतिनिधि, केपिएफ टि.आर. उपाध्याय, चार्टड एकाउन्टेन्ट |
| श्री भिष्मराज चालिसे | प्रतिनिधि, सानिमा क्यापिटल लिमिटेड |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - २५३ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - २१० जना |
| ३. जम्मा उपस्थिति संख्या | - ४६३ जना |

**(ग) <u>बाह्रौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :</u>**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**(क) साधारण प्रस्तावहरू**

१. बाह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७९/०८० सम्मको वितरण योग्य सञ्चित खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने ।

२. बोनस शेयर वितरणका लागि कम्पनीको जारी तथा चुक्ता पूँजीमा निम्नानुसार वृद्धि गरी सोही बमोजिम प्रबन्धपत्रको दफा ६ को (ख) र (ग) संशोधन गर्ने ।

**(क) कम्पनीको हालको जारी तथा चुक्ता पूँजी रू. ३,०८,९२,५१,०००/-(अक्षरेपी तीन अर्ब आठ करोड बयान्नब्बे लाख एकाउन्न हजार मात्र) बाट वृद्धि गरी जारी तथा**

SANIMA MAI HYDROPOWER LIMITED sanima SMH KATHMANDU

**चुक्ता पूँजी रू. ३,३९,८१,७६,१००/-(अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) गर्ने ।**

३. कम्पनीको पूँजी वृद्धि र प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. सानिमा जुम हाइड्रोपावर लि.को "जुम खोला जलविद्युत आयोजना"को बैंक कर्जा प्रयोजनका लागि संस्थागत जमानत (Corporate Guarantee) दिने ।

(ग) विविध ।

(घ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :

| विवरण | निष्काशित शेयर संख्या र शेयरधनी | स्वयम उपस्थित | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता | ३,०८,९२,५१० | ८०,५५,५९२ | ८३,१४,२०५ | १,६३,६९,७९७ | ५३ % |
| शेयरधनी संख्या | ५९,१७५ | २५३ | २१० | ४६३ | ०.७८ % |

२. सभाको वैधानिकता :

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीहरू स्वयम वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको बाह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ४६३ भएको र कूल बाँडफाँड भएको ५३ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष घोषणा गरियो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्बन्धमा कम्पनी सचिवले जानकारी गराउँदै, सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूको अध्यक्षतामा कम्पनीको बाह्रौं वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवलाई अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

३. सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भए पछि साधारण सभाका अध्यक्ष श्री टेकराज निरौलाज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नु भयो । साथै कम्पनीका उप प्रबन्धक सुश्री निशा कुम्पाखज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला माई नगरपालिका स्थित माई जलविद्युत आयोजना (२२ मे.वा.) तथा माई क्यास्केड जलविद्युत आयोजना (७ मे.वा.) को हालको वस्तुस्थिति, मर्मत सम्भारका कार्यहरू, विद्युत उत्पादन तथा आम्दानी, कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यका साथै यस कम्पनीद्वारा शेयर पूँजीमा लगानी गरिएको विभिन्न प्रवर्द्धक कम्पनीहरूको सञ्चालनमा रहेको र निर्माणाधिन जलविद्युत आयोजनाहरूको निर्माण प्रगतिको जानकारीका लागि कम्प्यूटर पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७९/८० को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको

नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको आ-आफ्नो राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छ :

**(अ) श्री डमरू वल्लभ घिमिरे**

आर्थिक वर्ष पुरा भएको तीन महिना भित्रै साधारण सभा बोलाउनु भएकोमा धन्यवाद । यस कम्पनीको वित्तीय विवरण उत्कृष्ठ ५ मध्ये पर्दछ । कम्पनीको सक्षम सञ्चालक समिति तथा व्यवस्थापनका कारण आगामी वर्ष अझै राम्रो हुने र उच्च प्रतिफल दिने अपेक्षा गरेका छौं । कम्पनीको वित्तीय मजबुतीका कारण बजारमा शेयर मूल्य स्थिर रहेको छ जुन राम्रो कुरा हो । हकप्रद शेयर जारी गरी नयाँ आयोजनामा लगानी गर्ने तर्फ पनि विचार गर्नु पर्छ । १० प्रतिशत बोनस शेयरका लागि धन्यवाद छ ।

**(आ) श्री सत्रुघन श्रेष्ठ**

नेपालको अर्थतन्त्रको मुल आधार जलस्रोत हो र सानिमा माई हाइड्रोपावर जलविद्युतमा निजि क्षेत्रको उत्कृष्ट कम्पनी हो । यस कम्पनीले नियमित रूपमा लाभांश वितरण गर्दै आएकोमा धन्यबाद छ । हालै प्रकाशित कम्पनीको आव २०८०/८१ को प्रथम त्रैमासिक विवरणले आम्दानीको अवस्था राम्रो रहेको देखाएको छ । यस कम्पनीको बैंक कर्जाको ब्याजदर, कम्पनीले अन्य आयोजना प्रवर्द्धक कम्पनीमा गरेको लगानी तथा सो आयोजनाहरूका सम्बन्धमा आगामी प्रतिवेदनहरूमा स्पष्ट रूपमा खुलाई दिनु होला । यस कम्पनीको शेयर लगानी रहेको सानिमा मिडिल तमोरको शेयरको सार्वजनिक निष्काशनका लागि सुझाव रहेको छ । सानिमा हाइड्रोपावरलाई गाभ्ने प्रक्रियाका सम्बन्धमा जानकारी पाउँ ।

**(इ) श्री उद्धव प्रसाद घिमिरे**

कम्पनीको वित्तीय विवरण राम्रो छ, तथापि थप सुधार आवश्यक छ । कम्पनीको लाभांश नीतिमा सुधार गरी नियमित प्रतिफल दिनु भएकोमा धन्यबाद । कम्पनीको वार्षिक प्रतिवेदनमा उल्लिखित वित्तीय सुचांकमा स्पष्ट खुल्ने गरी पाँच वर्षको प्रस्तुति सहितको ग्राफिक तथा भर्टिकल चार्ट पनि राखिदिनु होला । पर शेयर बुक भ्यालु तथा नेटवर्थ र त्रैमासिक विवरणहरू पनि उल्लेख भए राम्रो हुनेछ । शेयरको रेट अफ रिटर्न बढाउन निरन्तर प्रयास हुनु पर्छ । वित्तिय विवरणमा थप सुधारका लागि इन्टर्नल अडिटले पनि सुझाव दिनु पर्यो । सस्टेनेबिलिटि र ट्रान्सपरेन्सी कम्पनीको राम्रो पक्ष हो । कम्पनीले सदैव प्रशासनिक खर्चमा मितव्ययिता अपनाउने र इमान्दार तथा कर्तव्यनिष्ठ कर्मचारीहरूको हितमा ध्यान दिनु पर्दछ ।

**(ई) श्री चन्द्र नारायण श्रेष्ठ**

सूचिकृत हाइड्रोपावर कम्पनीहरूमा यस वर्ष साधारण सभा गर्ने यो पहिलो कम्पनी भएकोमा धन्यवाद छ । कम्पनीको आम्दानी गत वर्षको तुलनामा केही घटेतापनि नेट प्रोफिट राम्रो छ आगामी वर्षहरूमा अझ राम्रो होस भन्ने शुभकामना छ ।

**(उ) श्री निरूपमा गुप्ता**

कम्पनीको परफरमेन्स भ्यालु, नेट प्रोफिट राम्रो छ । कार्य दक्षतामा वृद्धि गरी नेट प्रोफिट बढाउने तर्फ निरन्तर प्रयास गर्नु होला । लगानी मार्फत आम्दानी बढाउने र लाभांश वितरणलाई निरन्तरता दिनु राम्रो हो । कम्पनीको उन्नतीका लागि कर्मचारीहरूको हितलाई पनि ध्यान दिनु पर्दछ । १० प्रतिशत बोनस शेयरका लागि धन्यवाद । ऋणलाई घटाउने प्रयास गर्नु पर्दछ । प्रशासनिक खर्च गत वर्षको तुलनामा बढी भएकोले यसमा मितव्ययिता अपनाउनु होला । कम्पनीको आगामी वर्षको योजना, रणनीति तथा लाभांश नीतिका सम्बन्धमा जानकारी दिनु होला ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

(ऊ) श्री दामोदर प्रसाद रेग्मी

कन्जर्भेटिभ लाभांश नीति अनुरूप न्यूनतम १५ प्रतिशत र अझ लिवरल भएमा २५ प्रतिशत सम्म दिने लक्ष लिई सोही अनुरूप सञ्चालक समितिले व्यवस्थापनलाई मार्ग निर्देशन गर्नु पर्दछ । भावि पुस्ताका लागि राम्रो हुने गरी कम्पनीलाई मजबुत बनाउँदै दिगो र निरन्तरताका लागि सन्तुलित रूपमा लाभांश वितरण गरिनु पर्दछ । हालको वियरिस ट्रेन्डमा पनि शेयरको बजार मुल्य स्थिर रहनु यस कम्पनीको राम्रो र मजबुत पक्ष हो । कम्पनीको अवस्था राम्रो छ अझ राम्रो हुँदै जाओस भन्ने शुभकामना छ ।

(ऋ) श्री कृष्ण प्रसाद अधिकारी

कम्पनीको वार्षिक प्रतिवेदनमा वित्तीय विवरणहरूलाई पनि सबैले बुझ्ने नेपाली भाषामा राखियोस । ठूला शेयरधनीहरूको सूची पनि समावेस गरियोस । प्रतिवेदन पुस्तिकामा धेरै खर्च नगरी सामान्य भए पनि हुन्छ । नयाँ सञ्चालक श्री राजन प्रसाद अमात्यज्यूलाई कार्यकालको शुभकामना । १० प्रतिशत बोनस शेयरका लागि धन्यबाद आगामी वर्ष अझ बढाउँदै जानु होला ।

(ए) श्री भक्ति प्रसाद उप्रेती

बोनस शेयरका रूपमा १० प्रतिशत लाभांश वितरणका लागि धन्यबाद । कम्पनीले विद्युत केन्द्रका संरचनाका साथै आम्दानीको पनि बीमा गराएकोमा धन्यबाद । लेखापरीक्षण प्रतिवेदन नेपाली भाषामा समेत रहेकोमा पनि धन्यवाद । कम्पनीले यस वर्ष १३.१७ प्रतिशत सम्म लाभांश दिन सक्ने क्षमता भएतापनि केहि रिटर्न अर्निङ्ग राखेर बाँकी लाभांश वितरण गर्नु भयो जुन राम्रो हो । निर्धारित अवधि पश्चात कम्पनीका आयोजनाहरू सरकारमा हस्तान्तरण हुने तर कम्पनी रही रहने भएकोले लिखु, मैलुङ, मध्य तमोर जस्ता जलविद्युत आयोजना प्रवर्द्धक कम्पनीको शेयरमा लगानी गर्नु शेयरधनीहरूले प्राप्त गर्ने लाभांशको निरन्तरताका लागि राम्रो हो । शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश ५ वर्ष पश्चात सरकारको शेयरधनी संरक्षण कोषमा गए पश्चात् भुक्तानी प्राप्त गर्न कठिन हुने भएकोले उक्त रकम सम्बन्धित शेयरधनीले पाउने कुनै उचित व्यवस्था गरियोस । कम्पनीको संस्थागत समाजिक उत्तर दायित्व अन्तर्गत हालै जाजरकोट, रोल्पा, रूकुममा गएको भुकम्पका पीडितहरूका लागि सरकारको राहत कोषमा २/३ लाख सहयोग होस ।

(ऐ) श्री इन्द्र कृष्ण श्रेष्ठ

कम्पनीले निरन्तर लाभांश दिँदै आएकोमा धन्यवाद छ । कम्पनीका साना लगानीकर्ताहरूको हितका लागि पनि ध्यान दिने गर्नु होला । कम्पनीको आम्दानीमा निरन्तर वृद्धिका लागि प्रयास होस, इमान्दार सञ्चालक समिति तथा व्यवस्थापन रहेको यस कम्पनीलाई अझै सक्षम र उन्नत बनाउँदै जानु पर्छ । यस कम्पनीले लगानी गरेको अन्य आयोजना पनि सञ्चालनमा आएकोमा धन्यबाद छ ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनीका महाप्रबन्धक श्री गृष्म ओझाज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै जवाफ दिनु भयो ।

**श्री गृष्म ओझा – महाप्रबन्धक**

आजको यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावज्यूहरूले मन्तव्यको क्रममा राख्नु भएको अमुल्य सुझावहरूका लागि धन्यवाद दिँदै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा कम्पनीका महाप्रबन्धकज्यूले निम्नानुसार प्रष्ट पार्नु भयो ।

- यस कम्पनीले अनुमतिपत्र प्राप्त गरी हाल सञ्चालनमा रहेका जलविद्युत आयोजनाहरू ३५ वर्ष पछि कानून बमोजि स्वतः सरकारमा हस्तान्तरण हुने भएकोले सो पश्चात पनि शेयरधनीहरूको लगानीको प्रतिफल वा लाभांश को निरन्तरताको सुनिश्चितताका लागि कम्पनीले लगानी विविधीकरण गरी अन्य जलविद्युत आयोजना प्रवर्द्धक कम्पनीहरूको शेयरमा लगानी गर्ने नीति

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

लिएर लगानी विस्तार गरेको छ । यसै अनुरूप "जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.)" को प्रवर्द्धक कम्पनी सानिमा जुम हाइड्रोपावर लि. को शेयरमा रू. १ अर्ब ५० करोड सम्म लगानी गर्ने निर्णय गरिएको छ । कम्पनीको आयोजनाबाट प्राप्त आम्दानी एव बसले गरेको लगानीबाट प्रतिफल प्राप्त भए अनुरूप लाभाश वितरणको नीति पनि सोही अनुरूप हुने र लाभांश वितरणलाई निरन्तरता दिन सकिने छ ।

- यस कम्पनीको लगानी रहेको मध्य तमोर जलविद्युत आयोजनाको प्रवर्द्धक कम्पनी श्री सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन तथा सूचीकरण समेत भई सकेको हुँदा दोस्रो बजारमा शेयरको कारोबार समेत भई रहेको छ ।
- शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभाश रकमका सम्बन्धमा कम्पनीले सार्वजनिक सूचना प्रकासित गर्नुका साथै सोको विवरण कम्पनीको वेवसाईटमा पनि राखिएको छ । शेयरधनीको डिम्याट खाता नहुनु, शेयर अभौतिकिकरण नहुनु, बैंक खाता अद्यावधिक नहुनु आदि कारणले लाभांश रकम भुक्तानी हुन नसकेको हो । विशेष गरेर आयोजना क्षेत्रका स्थानिय शेयरधनीहरूमा यो समस्या देखिएकोले सोको निराकरणका लागि शेयर रजिष्ट्रार सानिमा क्यापिटलसँग समन्वय गरी उक्त क्षेत्रमा कार्यक्रम गर्ने योजना रहेको छ ।
- कम्पनी गाभ्ने सम्बन्धमा हाल थप कानूनी व्यवस्थाहरू भई प्रक्रियागत रूपमा केहि सहजता भएको हुँदा सानिमा हाइड्रोपावर लि.लाई यस कम्पनीमा गाभ्ने सम्बन्धमा कम्पनीको छैठौं र सातौं वार्षिक साधारण सभाबाट प्राप्त अख्तियारीको अधिनमा रही प्रक्रिया अगाडी बढाइनेनै छ । गाभ्ने गाभिने दुबै सूचीकृत कम्पनी हुँदा सहज हुने भएकोले हाल सानिमा हाइड्रोपावर लि.को शेयरको सार्वजनिक निष्काशनको प्रक्रियामा रहको छ । सार्वजनिक निष्काशन र सूचीकरणको कार्य पुरा भए पश्चात दुबै कम्पनीको Due Diligence Audit (DDA) लगायतका कार्य सम्पन्न गरी कम्पनी गाभ्न उपयुक्त देखिएमा गाभ्ने सम्बन्धमा अन्तिम निर्णयका लागि कम्पनीको विशेष वा वार्षिक सधारणसभामा प्रस्ताव पेश गरिने नै छ ।
- यस सभा मार्फत शेयरधनी महानुभावहरूबाट प्राप्त सल्लाह सुझावका लागि धन्यवाद दिन चाहन्छौं साथै उपयुक्त तथा व्यवहारिक सुझावहरूलाई आत्मसाथ गरी आगामि दिनमा लागु गर्दै कम्पनीलाई सक्षम रूपमा अगाडी बढाउँदै लैजाने प्रतिवद्धता जनाउँदछौं ।

४. **सभाको निर्णयहरू :**

निर्णयार्थ बाह्रौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गर्‍यो :

**(क) साधारण प्रस्तावहरूः**

१. **बाह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री टेकराज निरौलाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदनमा छलफल भई सोमा उठेका जिज्ञासाहरूका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८० साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७९/८० को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले

SANIMA MAI HYDROPOWER LIMITED sanima SMH KATHMANDU

उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

३. **लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण **समितिले आ.व.** २०८०/८१ **को** कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था PKF T.R. Upadhya & Co., Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. २,१५,०००/-(अक्षरेपी दुई लाख पन्ध्र हजार मात्र) **पारिश्रमिक** निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०८०/८१ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

४. **रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने ।**

कम्पनीको दशौं वार्षिक साधारण सभाबाट नियुक्त सञ्चालक श्री हितमान गुरूङ्को राजिनामा स्वीकृत भई रिक्त हुन आएको सञ्चालक पदमा २०८०/०२/१८ गतेको सञ्चालक समितिको बैठकबाट यस कम्पनीको नियमावली तथा कम्पनी ऐन २०६३ को दफा ८७ बमोजिम शेयरधनी रूरू गा.वि.स.-६ (हाल परिवर्तित रूरू गा.पा.-१) गुल्मी घर भई हाल का.म.न.पा. वडा नं. २४ बस्ने श्री राजन प्रसाद अमात्यज्यूलाई नियुक्त गरिएको हुँदा, उक्त नियुक्तिको कार्यलाई बाँकी कार्यकाल सम्मका लागि अनुमोदन गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

(ख) विशेष प्रस्तावहरू:

१. **सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७९/०८० सम्मको वितरण योग्य सञ्चित खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने ।**

कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७९/८० सम्मको वितरण योग्य सञ्चित खुद मुनाफाबाट चुक्ता **पूँजीको** १० प्रतिशतले हुने रू. ३०,८९,२५,१००/- (अक्षरेपी तीस करोड उनान्नब्बे लाख पच्चिस हजार एक सय) बराबरको बोनस शेयर प्रदान गर्न सञ्चालक समितिबाट साधारण सभा समक्ष सिफारिस भई सोही **अनुसार** प्रस्ताव गरिएकोमा प्रस्ताव बमोजिम यस बाह्रौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

२. **बोनस शेयर वितरणका लागि कम्पनीको जारी तथा चुक्ता पूँजीमा निम्नानुसार वृद्धि गरी सोही बमोजिम प्रबन्धपत्रको दफा ६ को (ख) र (ग) संशोधन गर्ने ।**

(क) कम्पनीको हालको जारी तथा चुक्ता पूँजी रू. ३,०८,९२,५१,०००/-(अक्षरेपी तीन अर्ब आठ करोड बयान्नब्बे लाख एकाउन्न हजार मात्र) बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रू. ३,३९,८१,७६,१००/-(अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) गर्ने ।

बोनस शेयर वितरण प्रयोजनका लागि कम्पनीको हाल कायम जारी तथा चुक्ता पूँजी रू. ३,०८,९२,५१,००० -(अक्षरेपी तीन अर्ब आठ करोड बयान्नब्बे लाख एकाउन्न हजार मात्र) बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रू. ३,३९,८१,७६,१००/-(अक्षरेपी तीन **अर्ब** उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) गर्ने र सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) मा निम्नानुसार संशोधन **गर्ने** प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

SANIMA MAI HYDROPOWER LIMITED sanima SMH KATHMANDU

प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) को सट्टा देहाय दफा ६(ख) र ६(ग) कायम गर्ने :

६(ख) कम्पनीको जारी पूँजी रू. ३,३९,८१,७६,१००/-(अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका ३,३९,८१,७६१ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ग) कम्पनीको चुक्ता पूँजी रू. ३,३९,८१,७६,१००/-(अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) हुनेछ ।

३. **कम्पनीको पूँजी वृद्धि र प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/ परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

कम्पनीको प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

४. **सानिमा जुम हाइड्रोपावर लि.को "जुम खोला जलविद्युत आयोजना"को बैंक कर्जा प्रयोजनका लागि संस्थागत जमानत (Corporate Guarantee) दिने ।**

यस कम्पनीले शेयरमा लगानी गरेको कम्पनी सानिमा जुम हाइड्रोपावर लि.को जुम खोला जलविद्युत आयोजना निर्माणको वित्तिय व्यवस्थापनका लागि नबिल बैंक लि.को अगुवाईमा ४ वटा बैंक तथा वित्तिय संस्था सँग हुने सहवित्तियकरण बैंक कर्जा सम्झौता बमोजिमको स्वीकृत कर्जा रकम उपयोग गर्नका लागि सम्बन्धित बैंकहरूसँग भएको सहमति अनुसार प्रवर्द्धक कम्पनीका संस्थापक शेयरधनी कम्पनीले संस्थागत जमानत (Corporate Guarantee) दिनु पर्ने भएकोले कानून बमोजिमको अधिकतम सीमा सम्मको जमानत उपलब्ध गराई दिन उक्त कम्पनीको सञ्चालक समितिको मिति २०८०-०६-१४ गतेको निर्णयानुसार अनुरोध भई आएको हुँदा, प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही कम्पनीले संस्थागत जमानत दिन सक्ने सिमा सम्मको जमानत उपलब्ध गराउने र यसका लागि कम्पनीको तर्फबाट गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्यहरू गर्न, गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वम्मितिले पारित गरियो ।

**(ग) विविध ।**

विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षकमा अन्य कुनै छलफल तथा निर्णय भएन ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको यस वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुर्‍याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस बाह्रौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

SANIMA MAI HYDROPOWER LIMITED sanima SMH KATHMANDU

| | |
|---|---|
| ........................ | ........................ |
| जयन्तकुमार रेग्मी | टेकराज निरौला |
| कम्पनी सचिव | अध्यक्ष |